दैनिक

लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ११३ | बुटवल | २०८३ वैशाख १० गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday April 23, 2026 | पृष्ठ ४ | मूल्य रु. ५ मात्र | Lumbini

राम्रो घडेरी बिक्रीमा

तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट स्कूलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला ।

सम्पर्क नम्बर: ९८०१८२७९५०

गर्भवती मृत्यु प्रकरण:

मेडिकल काउन्सिलले बनायो छानबिन समिति

लुम्बिनी संवाददाता

बुटवल

नेपाल मेडिकल काउन्सिलले गर्भपतन गराउने क्रममा बुटवलमा महिलाको मृत्यु भएको घटनाको छानबिन गर्न उच्चस्तरीय समिति गठन गरेको छ ।

बुधबार काउन्सिलले व्यावसायिक आचरण तथा स्वास्थ्य समितिको निर्णयअनुसार, सम्राट पराजुलीको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको हो ।

उच्चस्तरीय टोलीमा स्त्रीरोग तथा प्रसूति विशेषज्ञ प्राडा पदमराज पन्त, डा. राजेन्द्र बस्याल, डा. अनुप पन्थी, कानुन विज्ञ गोविन्द महाजिनी र नागरिक समाजका प्रतिनिधि दिनेश पाण्डे छन् ।

टोलीलाई बुटवलस्थित सम्बन्धित स्वास्थ्य संस्थामा स्थलगत अनुगमन तथा निरीक्षण गर्न, घटनाको वास्तविकता पत्ता लगाउन भनिएको छ ।

काउन्सिलले छानबिन प्रक्रिया स्थानीय जिल्ला प्रशासन कार्यालय र नेपाल प्रहरीसँग समन्वय गरेर अघि बढाइने जनाएको छ । दोषी भेटिएमा प्रचलित कानुनअनुसार कडा कारबाही गरिने काउन्सिलले जनाएको छ ।

डा. खत्री र रुपाखेती पक्राउ

गर्भपतनका क्रममा पाल्पाकी २९ वर्षीया गीता पाण्डेको ज्यान गएको घटनामा जोडिएका बुटवलका दुई डाक्टरसहित पाँच जना पक्राउ परेका छन् ।

तीन वटा क्लिनिकमा उपचारका क्रममा गीताको मृत्युपछि खत्री नर्सिङ होमका सञ्चालक समेत रहेका डा. डीबी खत्री र इन्दु लेखा स्वास्थ्य क्लिनिकका डाक्टर रविप रुपाखेतीलाई प्रहरीले बुधबार नियन्त्रणमा लिएको हो ।

मृतकका पति प्रकाश पाण्डेले गीताको मृत्युमा आर्थिक लाभको उद्देश्य राखेर चिकित्सकले गम्भीर लापरबाही गरेको आरोप लगाई डा. खत्री र रुपाखेतीसहित पाँचजनाविरुद्ध किटानी जाहेरी दिएका थिए ।

दुई डाक्टरबाहेक जोनल फार्मेसीका सन्ध्या बस्नेत र निलम घर्ती मगर तथा इन्दुलेखा स्वास्थ्य क्लिनिकका सञ्चालक खगेन्द्रप्रसाद पाण्डे मंगलबार बिहान नै पक्राउ परेका थिए ।

डा. खत्री र रुपाखेती भने मंगलबार साँझ अबेर आफैं प्रहरी कार्यालय आएपछि नियन्त्रणमा राखेर अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख डीएसपी निशान्त श्रीवास्तवले बताए ।

जाहेरीअनुसार तीनजना पहिल्यै पक्राउ परेका र दुई डाक्टरलाई घटनाबारे बुझ्न आउनुस् भनेपछि मंगलबार साँझ अबेर आफैं उपस्थित भएका डीएसपी श्रीवास्तवले जानकारी दिए । पक्राउ परेका पाँचै जनालाई जिल्ला अदालत रुपन्देहीबाट तीन दिनको म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको डीएसपी श्रीवास्तवले बताए ।

पाल्पा बगनासकाली गाउँपालिका २ बस्ने गीता पाण्डे चैत २७ गते खत्री नर्सिङ होममा करिब १२ हप्ताको गर्भ जाँचका लागि आएकी थिइन् । त्यहाँ नर्सिङ होमका सञ्चालक डा. डीबी खत्रीले गर्भ असामान्य छ भनी थप उपचारका लागि वैशाख ४ गते बोलाएका थिए । पाण्डे वैशाख ५ गते श्रीमान प्रकाशसहित नर्सिङ होम आएकी थिइन् ।

आफ्नो नर्सिङ होममा नियमित चेकजाँच गराइरहेकी गीतालाई आफैं उपचार नगरी नर्सिङ होमले गीतालाई लोकेसन म्याप दिएर बुटवल अस्पताल लाइनको जोनल फार्मेसी क्लिनिकमा पठाएको थियो ।

त्यहाँ फार्मेसीले गर्भपतनको १६ हजार शुल्क लाग्छ भन्दै २ हजार एडभान्स लिएर दुईवटा औषधी दिएर अर्को दिन आउन भनेको थियो । जोनलबाट फेरि इन्दु लेखा क्लिनिकमा पुऱ्याई गर्भपतन गराउने क्रममा गीताको मृत्यु भएको थियो । इन्दु लेखा क्लिनिकमा डा. रविप रुपाखेतीले गीताको चेकजाँच गरेको मृतकका पति प्रकाशले बताए ।

मृतकका पति प्रकाशले गर्भपतन गराइएको भ्रूण आफूले नदेखेको भन्दै श्रीमती बेहोस् भइसकेपछि आफूलाई कुनै जानकारी नदिई लुम्बिनी सिटी अस्पतालको इमर्जेन्सी कक्षमा लैजाँदा डाक्टरले मृत घोषित गरेको बताए ।

रक्त सञ्चार सेवा केन्द्रकी कर्मचारी समेत रहेकी गीतालाई कुनै दीर्घ रोग नभएको र स्वस्थ रहेको पति प्रकाशको भनाइ छ । 'पैसा कमाउने उद्देश्य राखेर उपचारमा गम्भीर लापरबाही भएको छ' प्रकाशले भनेका छन्-'गीताको न्याय र भविष्यमा यस्ता घटना दोहोरिन नदिन आर्थिक लाभको लालचमा जोडिएर गरिएका यस्ता लापरबाहीका घटनाको निष्पक्ष छानबिन हुनुपर्छ ।'

गीता पहिलो बच्चा (छोरा) जन्मिएको ५ वर्षपछि दोस्रो पटक आमा बन्ने तयारीमा थिइन् ।

मृतकका पति प्रकाशले गीताको मृत्यु भएपछि जोनल फार्मेसीले खत्री नर्सिङ होमले दिएको लोकेसन कार्ड र अन्य उपचारका रिपोर्टहरू लुकाएको बताएका छन् । गीताको शव लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा राखिएको छ ।

गृहमन्त्री गुरुङले दिए राजीनामा

बुटवल । गृहमन्त्री सुधन गुरुङले पदबाट राजीनामा दिएका छन् । विवादित व्यवसायीसँग साझेदार रहेको र सेयर कारोबार गरेको विषयमा चौतर्फी आलोचना भएपछि उनले बुधबार प्रधानमन्त्री बालेन शाहलाई भेटेर राजीनामा बुझाएका हुन् ।

उनले राजीनामा दिएकोबारे सामाजिक सञ्जाल फेसबुकमार्फत् जानकारी गराएका छन् । उनले आफूमाथि उठेका प्रश्नलाई गम्भीर रूपमा लिएको भनेका छन् ।

'पछिल्ला दिनहरूमा नागरिकस्तरबाट मेरो शेयरलगायतका विषयमा उठेका प्रश्न, टिप्पणी र जनचासोलाई मैले गम्भीर रूपमा लिएको छु,' उनले भनेका छन्-'मेरो लागि पदभन्दा ठूलो कुरा नैतिकता हो, र जनविश्वासभन्दा ठूलो शक्ति कुनै हुँदैन ।'

उनले आफूमाथि पनि यसविषयमा छानबिन होस् भनेर माग गरेका छन् । उनले पदमा रहेर छानबिन गर्दा स्वार्थको द्वन्द्व नहोस् भनेर राजीनामा दिएको भनेका छन् ।

निष्पक्ष छानबिन होस्, पदमा रहँदा स्वार्थको द्वन्द्व नदेखियोस् र त्यसमा कुनै असर नपरोस् भन्ने उद्देश्यले राजीनामा दिएको उनले बताए ।

आरोप लागेपछि नैतिकता देखाउँदै राजीनामा दिएर अनुसन्धानका लागि बाटो खुल्ला गर्नुलाई धेरैले राम्रो मानेका छन् ।

उनले आफ्नोतर्फबाट नैतिक जिम्मेवारी निर्वाह गरेको पनि भनेका छन् । उनले सञ्चारकर्मीहरूलाई चेतावनी पनि दिएका छन् । 'कति मिडियाकर्मी साथीहरूको कहाँ कहाँ स्वेट शेयर छ बिस्तारै आउला ।

समाजको चाहना गल्नेहरूले त्याग र नैतिक साहस पनि देखाउन सक्नुपर्छ ।' गुरुङले राजीनामा दिएपछि गृह मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्री बालेन्द्र शाह आफैंले सम्हालेका छन् । राजीनामा दिएपछि रुट सुदन राष्ट्रपा सभापति रवि लामिछानेलाई भेट्न उनकै निवास पुगेका थिए ।

आक्रोशितरूपमा त्यहाँ पुगेका उनले आफूलाई बर्खास्त गर्न लामिछानेले प्रधानमन्त्रीलाई पठाएको पत्रबारे आपत्ति जनाएका थिए ।

भट्ट र अग्रवालमाथि सात दिन म्याद थप

बुटवल । व्यवसायीद्वय दीपक भट्ट र सुलभ अग्रवालमाथि थप अनुसन्धान गर्न अदालतले सात दिनको म्याद थपको अनुमति दिएको छ ।

काठमाडौं जिल्ला अदालतले न्यायाधीश तिलकबहादुर कार्कीको इजलासले ७ दिनको म्याद थपको अनुमति दिएको हो ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले बुधबार २० दिनको समय मागेर म्याद थपका लागि दुवै जनालाई अदालतमा उपस्थित गराएको थियो । तर, अदालत भने ७ दिनको मात्रै म्याद दिएको छ ।

यसअघि सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान गर्न सम्पत्ति शुद्धीकरण विभागले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)को समन्वयमा व्यवसायी भट्टलाई चैत १९ गते काठमाडौंबाट पक्राउ गरेको थियो ।

त्यसपछि चैत २२ गते शंकर ग्रुपका सञ्चालक सुलभ अग्रवाल पनि पक्राउ परेका थिए । दुवै जनालाई एउटै मुद्दामा अनुसन्धान भइरहेको विभागस्रोतले जनाएको छ ।

असन्तुष्ट पक्षलाई गगनको प्रश्न : नमिलेर कहाँ जाने ?

बुटवल । नेपाली कांग्रेसका सभापति गगन थापाले पार्टीभित्र एकता सुदृढ गर्न पुराना विवाद बिर्सेर अघि बढ्न आह्वान गरेका छन् । बुधबार विराटनगरमा आयोजित कोशी प्रदेशस्तरीय निर्वाचन समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै सभापति थापाले पार्टीलाई एकताबद्ध गर्दै अघि बढाउन आफू प्रतिबद्ध रहेको बताएका हुन् ।

'अब नेताले पनि मलाई सबैले साथ दिनुपर्छ । सबै मिलेर जानुपर्छ । हामी-हामी मिल्ने कुरा त मिल्नैपर्छ' उनले भने-'नमिलेर जाने कहाँ हो अब ? हामी मात्रै मिलेर पनि पुग्दैन ।' सबै मिलेरै सबैभन्दा पहिला कांग्रेससँग रिसाएर पत्पक्ष बाहिर गएका १० लाख मतदाता फर्काउनुपर्ने उनले बताए ।

'ती १० लाख मतदातालाई भेटिहाली, उनलाई भनिहाली, नेपाली कांग्रेससँग तपाईंले गरेका अपेक्षा हामी पूरा गर्छौं भनेर भरोसा दिलाउनुपर्नेछ ।'- उनले भने ।

त्यसपछि युवालाई कांग्रेसमा आकर्षित गर्न विशेष पहल आवश्यक रहेको रहेको उनले बताए । त्यसका लागि ३० वर्षमुनिका युवालाई कांग्रेससँग जोड्ने अभियान सञ्चालन गरिने उनले जानकारी दिए ।

'नेक्स्ट जेन एमाले' प्रस्ताव सार्वजनिक

बुटवल । नेकपा एमालेका नेता विष्णु पौडेलले पार्टीले चुनावमा भोगेको पराजय ठूलो धक्का भएको बताएका छन् । नेपालमा कम्युनिस्ट पार्टी स्थापना दिवसको अवसरमा पार्टीले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले चुनावको पराजय बालापुले धक्का नभएको बताएका हुन् ।

'यो विषमा धक्का खायौं । यो पानेपुले धक्का होइन । धक्काको अनुभवबाट शिक्षा लिएर हामी अघि बढ्न चाहन्छौं,' उनले भने-'निर्वाचनमा पराजय भएपछि औचित्य सकियो भनिएको छ ।

हामी पार्टी एकतालाई कायम राख्छौं । हामी हाम्रो यात्राको समीक्षा गर्नेछौं । औचित्य थप पुष्टि गर्ने चाहन्छौं ।' उनले पछिल्लो १० वर्षमा पार्टीले अवसर पाएर पनि कमीकमजोरी देखिए भए भन्नेतर्फ ध्यान दिन नसकिएको स्वीकार गरे ।

'०३२ देखि ०८२ सम्म समीक्षा गर्दा- यही बीचमा फन्डै दुई दिशाद प्राप्त गर्‍यौं । तर आज यो पराजय धक्का किन खाइयो भन्ने बुझ्नुपर्नेछ । आफ्ना कमजोरी केलाएर हामी समीक्षा गर्नेछौं । बाह्य र पार्टीभित्रको कारण केलाएर हामी समीक्षा गर्नेछौं ।'- उनले भने । उनले अनाहले पार्टी र नेतृत्वबारे आलोचना गरिरहेको पनि बताए ।

'उनलाले आलोचना गरेका छन्,' उनले भने-'आक्रमण र कार्यनीतिका हिसाबले मुलुकलाई नयाँ ढंगले अघि लैजान सक्ने हिसाबले हामी अघि बढ्नेछौं । देशभरिका सबै कार्यकर्तालाई भन्छु- टाउकोमाथि हात राखेर निराश हुने क्षण होइन ।'

उनले पार्टीले कार्यनीतिलाई रूपान्तरण गर्दै देशको नेतृत्वमा फेरि एमाले पुग्ने वातावरण बनाउने गरी काम गर्नुपर्ने बताए ।

यसैबीच नेपाल कम्युनिस्ट पार्टी (एमाले) निकट एक समूहले पार्टीको पुनर्गठन र रूपान्तरणका लागि 'नेक्स्ट जेन एमाले' अवधारणासहित विस्तृत छलफलपत्र सार्वजनिक गरेको छ । १२ पृष्ठ लामो उक्त छलफल पत्रले वर्तमान राजनीतिक अवस्थालाई 'गम्भीर मोड' का रूपमा व्याख्या गर्दै खस्को जनविश्वास पुनःस्थापित गर्न संस्थागत तथा व्यवहारगत सुधार अपरिहार्य रहेको निष्कर्ष निकालेको छ ।

बाँकी २ पेजमा

सम्पादकीय

पारदर्शिता व्यवहारमा देखाऊ

सरकारको सय दिनलाई 'मधुमास' भनिन्छ । यो समयलाई सरकारको आलोचना गर्न हुन्न भन्ने मान्यता छ । प्रारम्भका सय दिनमा सरकारले गर्ने कामप्रति विरोध गर्न हुन्न भन्ने मान्यता स्थापित गर्नुको अर्थ हो, सरकारले काम गर्ने फराकिलो मार्ग तयार गर्दा हुने कतिपय कमजोरीलाई आलोचनाको साधन बनाउन हुन्न । तर सरकारको आलोचना नै गर्न हुन्न भन्ने होइन ।

मन्त्रिपरिषद् गठनको एक महिना पुग्दा नपुग्दै दुई मन्त्रीको बर्हिगमन भएको छ । श्रीमतीलाई स्वास्थ्य बिमा बोर्डको सदस्यको नियुक्ति दिलाएको भन्दै श्रममन्त्री दिपक साहले राजीनामा दिए । बुधबार गृहमन्त्री सुदन गुरूङले राजीनामा दिए । साहको बर्हिगमनभन्दा अहिले गुरूङको राजीनामा चर्चामा छ । गुरूङको राजीनामा चर्चामा हुनुको कारण उनको 'एक्सन' र विवादित कार्यशैलीका कारण हो । यद्यपि उनको राजीनामा मन्त्रीका रुपमा गरेको कामका कारणले होइन । उनले पेश गरेको सम्पत्ति, विवादित व्यक्तिको कम्पनीमा शेयर लगानी र ऋण लुकाएको विषयमा तीव्र आलोचना भयो, त्यो नै राजीनामाको कारण बन्यो । उनले केही दिनअघि सार्वजनिक गरेको सम्पत्तिका बारेमा आलोचना भइरहेकै थियो । उनीसहित अधिकांश मन्त्रीहरुले सार्वजनिक गरेको सम्पत्ति विवरणमा देखिएको सुनको विवरणप्रति धेरैले प्रश्न उठाएका थिए । सम्पत्ति शुद्धिकरणको मुद्दामा पक्राउ परी अनुसन्धानरत विवादित व्यवसायी दिपक भट्टको दुई बिमा कम्पनीमा गुरूङको शेयर लगानी र उनले लिएको भनिएको ऋण किन उनको सम्पत्ति विवरणमा सार्वजनिक भएन भन्ने प्रश्नले अन्ततः उनको बर्हिगमन बाध्य बनायो । यो विषय यति संवेदनशील हो कि मन्त्रीले सम्पत्ति विवरण सार्वजनिक गरेको केही दिनमै मन्त्रीले लुकाएको सम्पत्ति बारे सार्वजनिक हुने । मन्त्रीले लुकाएको सम्पत्तिका बारेमा प्रश्न उठ्दा राष्ट्रिय स्वतन्त्र पार्टीको बैठकमा कुनै छलफल नहुनुलाई विडम्बना मान्नुपर्छ । रास्वपा बैठकमा मन्त्रीमाथि उठेका प्रश्नका बारेमा छलफल नहुनुले त्यो पार्टी संस्थागत ढंगले चल्न सकेको छैन भन्ने देखिन्छ ।

सुशासनको नाराको जगमा बनेको सरकारका दुई मन्त्री 'मधुमास'कै अवधिमा बर्हिगमनमा परेका छन्, त्यो पनि वर्तमान र विगतको विवादित कामका कारण । सुशासनको विषयमा कठोर बन्ने संकेत दिएका प्रधानमन्त्री बालेन्द्र साहले मन्त्रीको बर्हिगमनलाई पनि सोही अर्थमा बुझ्नुपर्छ ।

तर सम्पत्ति विवरणमा प्रधानमन्त्रीसहित मन्त्रीहरुका विषयमा उठेका प्रश्नको उत्तर नागरिकलाई दिनुपर्छ । खासमा कसैसँग सम्पत्ति धेरै हुनु आफैँमा अपराध होइन । कोही मन्त्रीसँग पुस्तैनी सम्पत्ति हुन सक्छ, कसैले व्यापार-व्यवसाय गरेर कमाएको हुन सक्छ । धेरै सम्पत्ति हुँदैमा कोही भ्रष्ट र थोरै हुँदैमा कोही स्वच्छ हुन्छ भन्ने हुँदैन । तर, सार्वजनिक जीवनमा रहेका व्यक्तिहरुको आर्जन वैध र पारदर्शी हुनुपर्छ । सार्वजनिक भएको सम्पत्ति वैध हो भन्ने पुष्टि गर्न सक्दा यो सरकारप्रतिको विश्वास र भरोसा अझै बढ्ने छ । तर सार्वजनिक भएको सम्पत्तिको स्रोत देखाउन प्रयास गरिएन भने पारदर्शिताबारे प्रश्नहरु उठिरहने छन् ।

सरकारले चिनेन राज्यको चौथो अंगलाई

कपिल काफ्ले

अर्कोतिर, विज्ञापन रोक्ने सरकारको निर्णय स्वतन्त्र बजार अर्थतन्त्रसँग मेल पनि खाँदैन । मिडिया केवल सेवा मात्र होइन, रोजगारी सिर्जना गर्ने उद्योग पनि हो । सरकारले आफ्ना मिडियालाई बलियो बनाउँदै निजी मिडियालाई कमजोर बनाउनु न्यायिक हुन सक्दैन । यो गम्भीर चिन्ताको विषय हो । त्यसैले सरकारले विज्ञापन रोक्ने नीतिमाथि पुनर्विचार गर्न आवश्यक छ ।

दुई तिहाइ बहुमतको ऐतिहासिक सरकारले राज्यको चौथो अंग मानिएको निजी क्षेत्रको पत्रकारिताको मन दुखाउने काम गरेको छ । वर्तमान बालेन सरकारले सरकारी विज्ञापन निजी क्षेत्रका सञ्चारमाध्यमलाई नदिने, केवल सरकारी मिडियालाई मात्र प्रदान गर्ने निर्णय गरेपछि चौथो अंग दुखित बनेको छ । आम नागरिकलाई सूचना प्रदान गरेर सेवा गर्दै आएको र मुलुकमा भएका अग्रगामी परिवर्तनहरुमा सशक्त भूमिका खेलेको चौथो अंगलाई सरकारले तिरस्कार गरेको छ ।

राज्यका प्रमुख तीन अंग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकापछि मिडियाको क्रम आउँछ । अर्थात्, मिडिया राज्यको अनिवार्य अंग हो । यस अंगविना राज्य अपूरो हुन्छ, पूर्णाङ्ग हुँदैन । यहाँ खासगरी मिडिया भन्नाले न्यूज मिडिया अर्थात् पत्रकारिता बुझ्नुपर्दछ । पत्रकारितालाई राज्यको चौथो अंग मान्नुपर्छ भनेर कुनै कानुनमा लेखिएको छैन, तर सभ्य विश्व समाजले तीन सय वर्षअघिदेखि पत्रकारितालाई राज्यको चौथो अंगका रुपमा स्वीकार गर्दै आएको छ । बेलायती सांसद एडमन्ड बर्क यस भनाइका जन्मदाता हुन् । सन् १७८० तिर संसद्मा भाषण गर्दा उनले पत्रकारदीर्घा देखाउँदै राज्यको चौथो अंगको भूमिका बताएका थिए । त्यही क्षणबाट विश्वले पत्रकारितालाई राज्यको चौथो अंगका रुपमा स्वीकार गर्‍यो । तर, आज आएर बालेन सरकारले निजी सञ्चारमाध्यमलाई आफ्ना नागरिकको करबाट बनेको ढिकुटी केवल सरकारी सञ्चारमाध्यमका लागि मात्र खर्च गर्ने नीति लिएर तीन सय वर्षअघिदेखि निरन्तर स्वीकार गरिएको मान्यताविरुद्ध उभिएजस्तो भएको छ ।

सरकारी मिडिया भन्नु पनि सरकार नै हो । सरकार भन्नु मूलतः कार्यपालिका हो, पहिलो अंग । यो चौथो अंग होइन । अर्थात्, निजी मिडिया मात्र चौथो अंग हो । नेपालमा गोरखापत्र, रेडियो नेपाल र नेपाल टेलिभिजनले सरकारको आलोचना गरेर समाचार-विचार प्रकाशन-प्रसारण गरेको पाइन्न । मन्त्रीहरुको भाषण र निर्णयहरु प्राथमिकताका साथ प्रकाशित-प्रसारित गर्नु उनीहरुको धर्म हो । पहिलो अंगको पक्षमा उभिने र त्यस अंगको पोषण गर्ने भएकाले सरकारी मिडियाबाट चौथो अंगले खेल्ने प्रतिपक्षको भूमिका सम्भव छैन । नेपालका गोरखापत्रले सरकारको निर्णयविरुद्ध लेख्ला भनेर आशा पनि कसैले गर्दैन । सरकारी मिडिया सरकारकै पक्षपोषणका लागि खोलिएका हुन्, मुखपत्रका रुपमा उनीहरुले आफ्नो भूमिका निर्वाह गर्नु अस्वाभाविक होइन ।

लोकतान्त्रिक भनिने सरकारले यसरी राज्यको ढिकुटी खर्च गरेर आफ्नो प्रशंसाका लागि ढुटा खडा गर्नु ठीक होइन भन्ने आवाज उठ्ने गरेको भए पनि नेपालमा यस अभ्यासलाई स्वीकार गरिएको छ । राजनीतिक पार्टीहरु प्रतिपक्षमा रहँदा सरकारले मिडिया चलाउनुहुन्न भने पनि आफू सरकारमा गएपछि सरकारी मिडियालाई अझ बढी आफ्नो पक्षमा बोल्न लगाउने र पहिला प्रतिपक्षमा रहँदा बोल्ने गरेको बोली बिर्सिने गरेका कारण यतिखेर आएर सरकारले मिडिया चलाउनुहुन्न भन्नुको अर्थ देखिन्न ।

निजी क्षेत्रका मिडियालाई सरकारी विज्ञापन नदिने निर्णयका विरुद्ध निजी मिडिया गुनासोमा सशक्त ढंगले सडकमा आउनुपर्ने हो, आएको भने देखिन्न । यसो हुनुको मुख्य कारण लामो समयपछि आएको स्थायी प्रकृतिको सरकारप्रतिको सम्मान पनि हो । वेलाबखतमा राजनीतिक स्वार्थपूर्ण र भ्रष्टाचारमुक्त शासकीय व्यवस्थाका लागि आशा जगाउँदै बालेन सरकारको उदय भएको हो । आगामी पाँच वर्षमा यस सरकारले रोजगारी र शिक्षाका नाममा भइरहेको युवा पुस्ताको विदेश पलायनलाई कम गर्दै नेपाली सीप र अवसर सिर्जना गर्न सफल हुने अपेक्षा निजी मिडिया जगतको पनि छ । दुलो आशा र अपेक्षा राखिएको पात्रको शरीरमाथि पसिनाको दुर्गन्ध आए पनि निकटवर्तीले सहनुपर्छ भन्ने मान्यता निजी मिडियाको छ । त्यसैले आम नागरिकलाई प्रभाव पार्ने हैसियत भएर पनि निजी मिडियाले सरकारको नीतिप्रति आवाज उठाए पनि आन्दोलनको विकल्पतिर रोजेको छैन ।

छ वर्षदेखि नेपालका खासगरी निजी क्षेत्रका मूल धाराका मिडियाहरु विज्ञापन प्रणालीमा रहेको भ्रष्टाचारका कारण पीडित हुँदै आएका थिए । एक सय रुपैयाँको विज्ञापन छापेर १० रुपैयाँ नपाउने अवस्था थियो । मिडिया लगानीकर्ताहरुले निरन्तररुपमा यस विषयमा आवाज उठाउँदै आएका पनि हुन् । सचिव, मन्त्री, प्रधानमन्त्री तथा अन्य नीति निर्माता सबैसँग पटक-पटक भेटघाट गरी सुधारका लागि अनुरोध गरिएको पनि हो । तर पनि, कुनै परिवर्तन भएन । घुस र कमिसनमा रमाएका कर्मचारी निजी मिडिया जगतको न्यायिक माग किन सुन्थे । परिणामस्वरुप दशकौंदेखि मिडिया यस प्रणालीबाट पीडित हुँदै आयो ।

नयाँ सरकार आएपछि निजी मिडियाले घुसखोरी र भ्रष्टाचारीमा संलग्न भ्रष्ट कर्मचारीहरुलाई कारबाही गरिनेछ र विज्ञापन वितरण व्यवस्थापन ठीक किसिमले हुनेछ भन्ने विश्वास थियो । तर, आश्चर्यजनक रुपमा अहिले पीडित पक्ष, मिडियालाई नै सजाय दिने गरी प्रधानमन्त्रीको कार्यालयले परिपत्र जारी गर्‍यो ।

नेपालमा विज्ञापन अर्थतन्त्र वार्षिक १५ अर्बको थियो । तर, कोभिडपछि यो घटेर ११ तिर पुगेको छ । त्यसमा सरकारी विज्ञापनले करिब २५ प्रतिशत हिस्सा लिएको छ । यसरी हेर्दा सरकारले करिब २.५ अर्ब रुपैयाँ बराबरको विज्ञापन अहिले सरकारी मिडियालाई दिने निर्णय लिएको देखिन्छ । उता, अहिले कर्पोरेट विज्ञापनको परिमाण आधा घटेको छ । आर्थिक गतिविधिमा न्यूनताका कारण उनीहरुलाई एकातिर विज्ञापन गर्नुपर्ने आवश्यकता छैन, अर्कातिर आर्थिक प्रतिफलमा कमीका कारण उनीहरु विज्ञापनमा रुचि राख्दैनन् ।

मिडिया मुख्यतः तीन स्रोतमा निर्भर छ– सरकारी विज्ञापन, बैंक तथा वित्तीय संस्थाका विज्ञापन र युट्युब तथा फेसबुकजस्ता डिजिटल प्लेटफर्मले पाउने आर्थिक प्रतिफल । यदि कुनै मिडिया सरकारी विज्ञापनबिना चलिरहेको छ भने, त्यो कसरी सञ्चालन भइरहेको छ भन्ने प्रश्न उठ्छ । वास्तविकता के हो भने, सरकारी विज्ञापन अझै पनि मिडिया टिकाइराख्ने प्रमुख आधार हो । दोस्रो, जनमत निर्माणमा सामाजिक सञ्जालको प्रभाव तीव्ररुपमा बढिरहेको छ । मूलधारको मिडियालाई कमजोर बनाएर देशको आवाज नियन्त्रण गर्ने प्रयास लोकतान्त्रिक अर्थतन्त्रका लागि राम्रो संकेत हुन सक्दैन । मिडियाको शक्ति केही व्यक्तिको हातमा केन्द्रित हुनु– चाहे परम्परागत होस् वा डिजिटल, कहिल्यै स्वस्थ अवस्था हुन सक्दैन ।

कोभिडभन्दा अघि सरकारले वार्षिक करिब ५ अर्ब रुपैयाँ विज्ञापनमा खर्च गर्ने गर्थ्यो । अहिले यो घटेको छ । करिब २.५ अर्ब रुपैयाँमा झरेको छ । यसमध्ये, करिब १.२५ अर्ब रुपैयाँ गोरखापत्र, रेडियो नेपाल र नेपाल टेलिभिजनमा जान्छ । बाँकी २.२५ अर्ब रुपैयाँमध्ये करिब १.२५ अर्ब रुपैयाँ निजी मिडिया र विज्ञापन एजेन्सीहरुमा जान्छ । करिब १ अर्ब रुपैयाँ भ्रष्टाचारमा डुब्ने गरेको छ । यसले देखाउँछ कि वास्तविक भ्रष्टाचार करिब १ अर्ब रुपैयाँ मात्र हो, २.५ अर्ब होइन ।

निजी मिडियालाई विज्ञापन दिनुहुन्न भनेर बालेन सरकारलाई उक्साउनेहरुले सरकारले छुट्याएको विज्ञापनको रकम सबै दुरुपयोग भएको बताएको बुझिन्छ । तर, यथार्थ त्योभन्दा निकै भिन्न छ । वस्तुतः १ अर्ब रुपैयाँको भ्रष्टाचारका कारण २.५ अर्बको प्रणालीलाई नै अवरुद्ध गर्नु उचित होइन । अर्कोतिर, भ्रष्टाचार हुँदा भ्रष्टलाई सजाय दिने हो, पीडितलाई होइन । यस समस्याको समाधान जटिल पनि छैन । यदि सरकारले मिडिया हाउसको मूल बिलबिना भुक्तानी नगर्ने व्यवस्था लागू गर्‍यो भने, यो भ्रष्टाचार तुरुन्तै अन्त्य गर्न सकिन्छ । यो व्यवस्था विज्ञापन बोर्डकोमा स्पष्टरुपमा उल्लेख पनि गरिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मंसिर ८, २०८२ मा नै सबै मन्त्रालयलाई यो व्यवस्था लागू गर्न निर्देशन दिएको थियो । तर, समस्या के भयो भने केही सरकारी कार्यालयहरुले अझै पनि मिडियाको बिलबिना नै भुक्तानी गरिरहेका छन् । उनीहरुले विज्ञापन एजेन्सीको बिलअनुसार नै भुक्तानी गरिरहेका हुन्छन् ।

सुशासन भनेको निजी मिडियामा विज्ञापन रोक्नु होइन । सुशासन भनेको नियम उल्लंघन गर्ने अधिकारीमाथि कारबाही गर्नु हो । सुशासन भनेको दोषीलाई सजाय दिनु हो, पीडितलाई होइन । निजी क्षेत्रका मिडियाले आफ्नो भूमिका पूरा गरिरहेका छन् । उनीहरुले भ्रष्टाचारका मुद्दाहरु उजागर गरेका छन्, मुद्दा उठाएका छन् र उच्च तहका अधिकारीसँग छलफल चलाएका छन् । तर, दोषीमाथि कारबाही हुनुको सट्टा निजी मिडियालाई नै असर पार्ने काम भएको छ ।

नेपालका महत्वपूर्ण राजनीतिक परिवर्तनहरुमा मूलधारका मिडियाले सधैं महत्वपूर्ण भूमिका खेलेका छन् । सरकारी मिडियाले सामाजिक परिवर्तनमा बोले पनि राजनीतिक वा शासकीय कमजोरीमाथि प्रहार गर्न सक्दैनन् । यस निर्वाचनमा पनि निजी मिडियाले उठाएका मुद्दाहरु पछि सामाजिक सञ्जालमार्फत् अझ व्यापक बनेका उदाहरण सर्वत्र छन् । सरकारी मिडियाले पहिलो त आलोचनात्मक टिप्पणी नै गर्न सक्दैनन्, गरे पनि उनीहरुले उठाएका मुद्दाहरु आम सरोकारको विषय हुन सक्दैनन् । आज निजी क्षेत्रको मूलधारको मिडिया सरकारको विरोधमा छैन । बरु, नयाँ नेतृत्वलाई सहयोग गर्ने पक्षमा छ । उनीहरु सबै देश निर्माणमा योगदान गर्न चाहन्छन् ।

अर्को गम्भीर पक्ष के छ भने, निजी क्षेत्रका मूलधारको मिडिया र विज्ञापन क्षेत्रले देशभर करिब ४ लाख मानिसलाई रोजगारी दिएको छ । यदि निजी मिडियालाई सरकारी विज्ञापन नदिने नीति लागू भयो भने मिडिया बन्द हुँदैन, तर खर्च घटाउन बाध्य हुन्छन् । यसको अर्थ करिब एक तिहाइ, १ लाख २० हजार, मानिसले रोजगारी गुमाउन सक्छन् । मिडिया बाँच्छ । तर नागरिकको रोजीरोटी गुम्छ । भट्ट हेर्दा निजी मिडियाले रोजगारी खोसेको देखिन्छ, तर अर्थमा रोजगारी खोस्ने पक्ष सरकार नै हो भन्ने बुझ्न गाह्रो हुन्न ।

कोभिडपछि विज्ञापन बजार करिब ६० प्रतिशतले सङ्कुचित भएको छ । आर्थिक गतिविधि कम हुँदा कर्पोरेट विज्ञापनहरु घटेका छन् । त्यसमाथि विश्व परिस्थितिका कारण न्यूजप्रिन्ट र मसीको मूल्य करिब ५० प्रतिशतले बढेको छ । यस्तो अवस्थामा विज्ञापन रोक्नुले समस्या झन् गम्भीर बनाउँछ । अर्कोतिर, विज्ञापन रोक्ने सरकारको निर्णय स्वतन्त्र बजार अर्थतन्त्रसँग मेल पनि खाँदैन । मिडिया केवल सेवा मात्र होइन, रोजगारी सिर्जना गर्ने उद्योग पनि हो । सरकारले आफ्ना मिडियालाई बलियो बनाउँदै निजी मिडियालाई कमजोर बनाउनु न्यायिक हुन सक्दैन । यो गम्भीर चिन्ताको विषय हो । त्यसैले सरकारले विज्ञापन रोक्ने नीतिमाथि पुनर्विचार गर्न आवश्यक छ । मिडियालाई बलियो बनाउनु भनेको लोकतन्त्र, सुशासन र जवाफदेहिता बलियो बनाउनु हो भन्ने सत्य भुल्नुहुन्न । समाचारपत्रबाट

नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट

काठमाडौं । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा बुधबार सामान्य अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक दुई दशमलव ९५ अङ्कले घटेर दुई हजार ८०४ दशमलव ९० बिन्दुमा कायम भएको छ ।

२४२ कम्पनीको एक करोड ७५ लाख ८८ हजार ८९४ कित्ता सेयर एक लाख ४१ हजार ४४७ पटक खरिदबिक्री हुँदा ८ अर्ब ८१ करोड ३९ लाख ४७ हजार २४२ बराबरको कारोबार भएको छ ।

कारोबारमा बैंकिङ सूचक दशमलव १३, वित्त समूह शून्य दशमलव ५८, लगानी शून्य दशमलव ०५, उत्पादन तथा प्रशोधन शून्य दशमलव २५ र निर्जीवन बिमा शून्य दशमलव ३८ प्रतिशतले बढेको छ । अरू सबै समूहको उपसूचक घटेको छ ।

विकास बैंक शून्य दशमलव २७, होटल तथा पर्यटन दुई दशमलव ३६, जलविद्युत् शून्य दशमलव ०६, जीवन बिमा शून्य दशमलव २५, लघुवित्त शून्य दशमलव १५, म्युचुअल फन्ड शून्य दशमलव ४०, व्यापार एक दशमलव १० र अन्य समूह शून्य दशमलव ०२ प्रतिशतले घटेको छ ।

पुराना दलप्रतिको निराशा, नयाँ दलप्रतिको आशा र बेरोजगार युवाको देश

नेपालको राजनीति आज निर्णायक मोडमा उभिएको छ । एकातिर पुराना राजनीतिक दलप्रतिको गहिरिँदो वितृष्णा छ, अर्कोतिर नयाँ दलप्रतिको बढ्दो आशा । तर यी दुई ध्रुवको बीचमा सबैभन्दा ठूलो प्रश्न बनेको छ–युवा र उनीहरूको भविष्य । यो अवस्था कुनै एक दलको असफलता मात्र होइन, यो समग्र राजनीतिक संस्कृतिको परिणाम हो ।

पुराना दल : उपलब्धि छन्, भरोसा घट्दै

नेपालको लोकतान्त्रिक आन्दोलन, संविधान निर्माण र गणतन्त्र स्थापनामा पुराना दलको योगदान ऐतिहासिक छ । यसलाई अस्वीकार गर्नु तथ्यको अपमान हुनेछ । तर जनताको असन्तुष्टि इतिहासप्रति होइन, वर्तमान आचरणप्रति हो ।

दशकौंदेखि उही नेतृत्व,
गुटबन्दी र भागबन्डा,
भ्रष्टाचारका गम्भीर आरोप,
र जनताभन्दा सत्ता प्राथमिकता–

यी कारणले पुराना दलप्रति जनविश्वास गुमाउँदै गएका छन् । जनताले परिवर्तन खोजे, तर दलहरूले निरन्तरता मात्र दिए । परिणामस्वरूप, राजनीतिक विश्वास कमजोर बन्दै गयो ।

नयाँ दल : विकल्पको खोजी

पुराना दलप्रतिको यही निराशाबाट नयाँ राजनीतिक दलहरूको उदय भयो । नयाँ अनुहार, फरक भाषा र पुरानो शैली तोड्ने प्रतिबद्धताले विशेषतः युवामा आशा जगायो । तर आशा मात्र पर्याप्त हुँदैन । प्रश्न उठ्छ–

के नयाँ दलहरू साँच्चकै वैकल्पिक राजनीति हुन्,
कि केवल पुराना दलप्रतिको असन्तुष्टिको उपज ?

यदि नयाँ दलहरूले पनि नीति, संगठन र व्यवहारमा पुरानै अभ्यास दोहोर्‍याए भने, आजको आशा भोलिको निराशामा बदलिन धेरै समय लाग्दैन ।

युवा बेरोजगारी : राजनीतिक असफलताको ऐना

नेपालको सबैभन्दा ठूलो जनसाङ्ख्यिक शक्ति युवा हुन् । तर यही वर्ग आज सबैभन्दा बढी असुरक्षित छ । शिक्षित बेरोजगारको संख्या बढ्दो छ, सीप र क्षमता मूल्याङ्कन कमजोर छ, र रोजगार सिर्जना राज्यको प्राथमिकतामा देखिँदैन । त्यसैले आज विदेशिनु पहिले भिसाको खोजी हुन्छ । वैदेशिक रोजगारीमा निर्भरता निरन्तर बढ्दो छ । यो युवाको कमजोरी होइन, राजनीतिक नेतृत्वको असफलता हो ।

यदि युवालाई देशभित्रै अवसर दिन सकिएन भने, राष्ट्र निर्माणको सपना नारामा मात्र सीमित हुनेछ ।

राजनीतिक अस्थिरता : विकासको बाधक

नेपालमा सरकार बन्ने र ढल्ने क्रम सामान्यजस्तै भइसकेको छ । नीति सुरु नहुँदै सरकार परिवर्तन हुन्छ । यसले दीर्घकालीन योजना, लगानी वातावरण र रोजगार सिर्जनामा गम्भीर असर परेको छ ।

राजनीतिक अस्थिरता केवल सत्ता समीकरणको समस्या होइन, यो नागरिकको भविष्यसँग जोडिएको विषय हो । जब राज्य अस्थिर हुन्छ, युवाको भरोसा स्वाभाविक रूपमा कमजोर हुन्छ ।

अब समाधान के ?

समाधान पुराना दललाई पूर्णरूपमा अस्वीकार गर्नुमा छैन, न त नयाँ दलप्रति अन्धविश्वास राख्नुमा । समाधान छ–उत्तरदायी नेतृत्व, नीतिगत निरन्तरता र युवाको सार्थक सहभागितामा ।

राजनीति पेसा होइन, सेवा बन्नुपर्छ । सत्ता होइन, परिणाम बोल्नुपर्छ । युवालाई भाषणको विषय होइन, निर्णय प्रक्रियाको हिस्सा बनाउनुपर्छ ।

अन्त्यमा

आज नेपालमा पुराना दलप्रति निराशा र नयाँ दलप्रतिको आशा दुवै साथमा छन् । तर यी दुवैको केन्द्रमा बेरोजगार युवा हुनु सबैभन्दा ठूलो विडम्बना हो ।

यदि राजनीति शिक्षा, रोजगारी र युवामैत्री बन्न सकेन भने, देशले फेरि पुरानै गल्ती दोहोर्‍याउनेछ ।

र त्यो गल्ती कुनै चुनावले पूर्ति गर्न सक्ने छैन ।

सुदिप न्यौपाने
बुटवल

घरविहीन परिवारले पाए नयाँ घर

ढोरपाटन। बागलुङको ढोरपाटन नगरपालिकाले घरविहीन नागरिकका लागि घर बनाइ दिएको छ। सुकुम्बासी, विपद्बाट विस्थापित भएका र आर्थिक अभावका कारण घर बनाउन नसकेका ३६ परिवारका लागि नगरपालिकाले घर बनाइ दिएको हो।

तेह्र परिवार सुकुम्बासी, विपद्बाट घरविहीन भएका १२ परिवार र आर्थिक अभाव कमजोर भई पुनर्निर्माण गर्न नसकेका ८८ परिवारको घर बनाउने योजनाअन्तर्गत हालसम्म ३६ घर निर्माण गरेर हस्तान्तरण गरेको हो। नगरपालिकाले १० वटै वडाका घरविहीनका लागि घर बनाइ दिएको उप-प्रमुख हरिहर शर्माले जानकारी दिए।

घरविहीनहरूको घर निर्माणका लागि ६ तीन लाख, विपद्बाट क्षति भएर घरविहीन भएका परिवारलाई ६ दुई लाख ५० र आर्थिक अभाव कमजोर भई पुनर्निर्माण गर्न नसकेका परिवारलाई ६ दुई लाख उपलब्ध गराउने गरी कार्यविधि बनाएर काम गर्दै आएको उनको भनाइ छ। नगरपालिकाले सुकुम्बासी परिवारलाई भने जग्गा खरिद गरी घर बनाइ दिएको शर्मा बताउँछन्।

"हामी निर्वाचित भएर आउनुपूर्व नै घरविहीन परिवारलाई घर बनाइ दिने योजना अगाडि बढेको थियो, त्यस बेला पनि घरविहीन परिवारको तथ्याङ्क सङ्कलनलगायतका काम भएका थिए", उपप्रमुख शर्माले भने-'हामी आइसकेपछि सुकुम्बासी परिवारहरूलाई सुरक्षित जग्गा व्यवस्थापन गरेर घर बनाउने काम गऱ्यौं, अहिले अन्य घरविहीनहरूको घर बनायौं।"

तीन पुस्तासम्म घर नभएकाहरूलाई नगरपालिकाले पहिलो चरणमा बनाइ दिएको थियो भने विपद् र आर्थिक अभावका कारण पुनर्निर्माण गर्न नसकि अरूको घरमा आश्रय लिएकाहरूलाई दोस्रो चरणमा आवास बनाइ दिएको हो। नगरपालिकाले घर बनाइ दिएपछि अन्यत्र आश्रय लिन नपरेको वडा नम्बर ४ की देउरुपा सार्कीले बताइन्। अरूको घरमा बस्दा धेरै समस्या हुने गरेको उनको भनाइ छ।

सार्कीले भनिन्- 'हामी लामो समय अरूको घरमा बस्यौं, अरूको घरमा बस्दा आफ्नोजस्तो त कहाँ हुन्छ र ? विभिन्न समस्याहरू आए, तर अहिले नगरपालिकाले घर बनाइ दिएपछि आफ्नै घरमा बस्न आएका छौं, सरकारले हाम्रो समस्या बुझ्यो।"

गर्मी बढेसँगै देखिन थाले विषालु सर्प

नेपालगन्ज। गर्मी बढेसँगै बाँकेमा विभिन्न प्रजातिका विषालु सर्प देखिन थालेका छन्। खासगरी रसेल भाइपर, फेटारा, गोमन, करेत, धामन, अजिङ्गरलगायतका सर्प देखिन थालेको डिभिजन वन कार्यालयले जनाएको छ।

वन कार्यालयका सिनियर डिभिजन वन अधिकृत शङ्करप्रसाद गुप्ताले गर्मी सहन नसक्ने अवस्थाले सर्प बिलोको खोजीमा बाहिर निस्कँदा केहीको घरमा पसेको उल्लेख गर्दै ती सर्पको उद्धार गरिएको बताए। "अहिले दैनिकजसो एउटा सर्पको बस्तीबाट उद्धार गरिएको छ र कहिलेकाहीं दिनमा तीन सर्पको समेत उद्धार गरिएको छ।"-उनले भने।

उनले अहिलेको गर्मीमा विगतको तुलनामा बढी सर्प जमिन बाहिर देखिएको जानकारी दिँदै ती सर्पको उद्धार गरेर जङ्गलमा लगेर छाडिएको बताए। यस आर्थिक वर्षमा विशेषगरी अनेक सर्पको उद्धार भएको थियो।

उनले अहिलेसम्म यस आर्थिक वर्षमा १४७ विभिन्न प्रजातिका सर्पको उद्धार गरिएको जानकारी दिए। सर्प उद्धार गर्नका लागि सशस्त्र वनरक्षक धीरबहादुर थापाको संयोजकत्वमा उद्धार टोली गठन गरिएको गुप्ताको भनाइ छ।

सो टोलीलाई केही उपकरणसहित सामान्य तालिम दिइएको उल्लेख गर्दै उनले नेपालगन्जबाहेक कोहलपुरबाट समेत सर्पको उद्धार भएको बताए।

बाँके राष्ट्रिय निकुञ्ज तथा त्यसको मध्यवर्ती क्षेत्रबाहेक जिल्लाका सम्पूर्ण भूभाग डिभिजन वन कार्यालयको कार्यक्षेत्रभित्र पर्ने डिभिजन वन कार्यालयले जनाएको छ।

यसैबीच, बाँकेमा वनमा हुने आगलागीका घटना नियन्त्रण गर्न 'फायर एम्बुलेन्स' टोली तयारी अवस्थामा राखिएको छ।

वन अधिकृत गुप्ताले अग्नि हेरालुसहित वनमा फायर लाइन बनाउने काम जारी रहेको बताए। बाँके राष्ट्रिय निकुञ्जबाट सरेको आगो शम्शेरगञ्जमा निभाइएको उनको भनाइ छ। 'केही आगलागी घटना भएको थियो तर अहिले नियन्त्रणमा आइसकेको छ।'-उनले भने।

विपद् व्यवस्थापनमा अभ्यास

बाँके। बाँकेको नेपालगञ्जमा 'फायर बाइक'देखि स्वयंसेवकसम्म विपद् व्यवस्थापनमा नयाँ अभ्यास गरिएको छ। 'विपद् जोखिम र व्यवस्थापनमा मिडिया पत्रकारिता' विषयक अन्तर्क्रियामा सो अभ्यास भएको जानकारी दिइएको हो।

सो अवसरमा लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष डा. डिल्लीराज अर्यालले विपद्मा बहुआयामिक विश्लेषण गरेर योजना तर्जुमा गर्न आवश्यक रहेको उल्लेख गर्दै प्रदेश सरकारले विपद्लाई उच्च प्राथमिकतामा राखेको बताए।

उनले विपद्का कतिपय जोखिम नियन्त्रण बाहिर रहेकाले समाधो हुन आग्रह गर्दै यसका लागि विपद्को पूर्वतयारी आवश्यक भएको धारणा व्यक्त गरे। नेपालगञ्ज उप-महानगरपालिकाका प्रमुख प्रशान्त विष्टले विपद्का विभिन्न क्षेत्रमा उप-महानगरपालिकाले सुरक्षा परियोजनासँग सहकार्य गरेको जानकारी दिँदै नेपालगञ्जमा 'हिट वेभ' कार्ययोजना प्रभावकारी बनाउन थालिएको बताए। उनले भने-"विपद्को विषय तीन तहका सरकारको साझा दायित्व हो।"

डाङको राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टले नेपालगञ्ज उपमहानगरपालिकाले गरिरहेका असल अभ्यासको आफूहरूले पनि अनुकरण गर्ने बताउँदै आफ्नो पालिकाले गरिरहेका अभ्यासबारे पनि जानकारी गराएका थिए।

आगलागी भएको अवस्थामा नेपालगञ्ज उप-महानगरपालिकामा तीन दमकल, एउटा फायर ब्रिगेड बाइक रहेको छ। उप-महानगरपालिकाको दमकल शाखाका इन्चार्ज भक्तबहादुर खड्काले नेपालगञ्जमा विद्युतीय अनियमितताका कारण धेरै आगलागीका घटना भएको जानकारी दिँदै सूचना प्राप्त हुनासाथ दमकल घटनास्थलमा पुग्ने बताए।

विपद्का घटनाको अध्ययन र विश्लेषणका आधारमा नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ३ र ७ लाई उच्च जोखिमयुक्त क्षेत्रका रूपमा पहिचान गरिएको छ।

पुरानो बस्ती, माटोका घर र साँघुरा बाटोका कारण यहाँ जोखिम बढी देखिएको सुरक्षा परियोजना कार्यसञ्चालन केन्द्रका सूचना अधिकृत रमन शक्तीले जानकारी दिए। ती दुई वडामा ४०० जनालाई 'सामुदायिक विपद् स्वयंसेवक'का रूपमा तयार पारिएको र उनीहरूलाई आगलागी नियन्त्रण, भूकम्प तथा डुबानबाट सुरक्षित रहने उपायबारे तालिम दिइएको उनको भनाइ छ।

पश्चिम नेपालको प्रमुख सहरका रूपमा विकसित हुँदै गएको नेपालगञ्जमा अव्यवस्थित सहरीकरणले जोखिम थप बढाएको छ। यस जिल्लामा करिब २५ हजार घरपरिवारका ए लाख ५० हजार नागरिक विभिन्न विपद्बाट प्रभावित हुनसक्ने पूर्वानुमान गरिएको छ।

नेक्स्ट...

नेक्स जेन समूहले जनतातर्फ, जडतर्फ भन्ने मूल नारासहित तयार पारिएको प्रस्तावमा पार्टीलाई वैचारिक स्पष्टता, संगठनात्मक पुनर्संरचना र कार्यशैलीगत उत्तरदायित्वतर्फ रूपान्तरण गर्नुपर्नेमा जोड दिइएको छ।

छलफल पत्रले पार्टी पुनर्जागरणका लागि तीन मुख्य आधार अघि सारेको छ-रूपान्तरणसहितको पुनर्संरचना, जनतातर्फ फर्किने नीति र जरा स्तर (ग्रासरुट) सँग पुनः जोडिने अभियान।

छलफलपत्रमा पार्टीभित्र खुला बहस र समीक्षा संस्कृतिलाई संस्थागत गर्नुपर्ने, निर्णय प्रक्रियामा पारदर्शिता बढाउनुपर्ने तथा नागरिक समाज र कार्यकर्ताबाट नियमित सुझाव संकलन गर्ने प्रणाली विकास गर्नुपर्ने उल्लेख छ। आधुनिक राजनीतिक अभ्यासअनुसार 'ओपन कन्सल्टेसन' र 'पार्टी-समाज संवाद' लाई सुदृढ बनाउँदै पार्टीलाई बन्द संरचनाबाट खुला र उत्तरदायी संरचनातर्फ लैजानुपर्ने प्रस्ताव गरिएको छ।

नीतिगत सुधारतर्फ कागजातले नेतृत्वमा अधिकतम दुई कार्यकालको सीमा, निर्वाचन पराजयपछि अनिवार्य जवाफदेहिता, प्रत्यक्ष मतदानबाट नेतृत्व चयन, उम्मेदवार छनोटमा प्राथमिक प्रणाली (प्राइमरी), तथा अनुसन्धानमा आधारित नीति निर्माणलाई प्राथमिकतामा राखेको छ। साथै, जनसंगठनहरूमा वैचारिक स्पष्टता र सांगठनिक स्वायत्तता सुनिश्चित गर्दै वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गर्नुपर्ने सुझाव पनि समेटिएको छ।

छलफल पत्रले विगतका कमीकमजोरीप्रति जनतासँग आत्मालोचना गर्दै विश्वास पुनःआर्जन गर्नुपर्ने औंल्याएको छ। भ्रष्टाचारप्रति शून्य सहनशीलता अपनाउँदै आरोप लागेका पदाधिकारीलाई तत्काल निलम्बन गरी निष्पक्ष छानबिन गर्नुपर्ने र सार्वजनिक जीवनमा पारदर्शिता अभिवृद्धि गर्नुपर्नेमा विशेष जोड दिइएको छ।

युवाको प्रतिनिधित्व वृद्धि, नेतृत्व विकासका लागि संरचनागत सुधार, पेशागत संलग्नतालाई प्रोत्साहन र पूर्णकालीन कार्यकर्ता संस्कृतिमा सुधार आवश्यक रहेको पनि छलफल पत्रमा उल्लेख छ। साथै, अनुभवी नेताहरूको मार्गदर्शनका लागि अलग संयन्त्र निर्माण गर्ने प्रस्ताव पनि अघि सारिएको छ।

छलफल पत्रले एमालेभित्र 'पुनर्जागरण' को आवश्यकता औंल्याउँदै पार्टीलाई पुनः जनमुखी, विश्वसनीय र प्रभावकारी शक्तिका रूपमा स्थापित गर्न साहसिक नीतिगत र संरचनात्मक सुधार अनिवार्य रहेको निष्कर्ष प्रस्तुत गरेको छ।

राष्ट्रिय आर्थिक गणनाको टोलीलाई सहयोग गर्न अपिल

बुटवल। बुटवल उद्योग वाणिज्य संघ, रुपन्देहीले राष्ट्रिय आर्थिक गणना सफल बनाउन उद्योगी, व्यवसायी तथा संघ-संस्थासँग आवश्यक सहयोग गर्न अपिल गरेको छ।

संघले बुधबार सूचना जारी गरेर आर्थिक गणनामा सहयोग गर्न उद्योगी व्यवसायीलाई आग्रह गरेको हो। संघद्वारा जारी अपिलमा नेपाल सरकारअन्तर्गतको राष्ट्रिय तथ्याङ्क कार्यालयले देशभरका आर्थिक एकाइहरूको यथार्थ अवस्था पहिचान गर्ने आर्थिक गणना सञ्चालन गरिरहेको उल्लेख गर्दै सो कार्यलाई प्रभावकारी बनाउन गणकहरू घरदैलोमा पुग्ने भएकाले सही तथा यथार्थ विवरण उपलब्ध गराई सहयोग गर्न आग्रह गरेको हो।

अपिलमा भनिएको छ-'आर्थिक गणनाबाट प्राप्त तथ्याङ्कले देशको आर्थिक नीति निर्माण, योजना तर्जुमा तथा समग्र आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने भएकाले यसलाई सफल बनाउन सबै पक्षको सक्रिय सहभागिता आवश्यक छ।'

संघले रुपन्देही जिल्लाभित्रका सम्पूर्ण उद्योग, व्यवसाय तथा संघ-संस्थालाई गणकहरूलाई आवश्यक जानकारी प्रदान गरी राष्ट्रिय अभियानमा सहकार्य गर्न अनुरोध गरेको छ।

खुकुरी टी-ट्वान्टी कपः

बुटवल युथ र एमएसएमटी राम स्पोर्ट्स विजयी

भैरहवा। बुटवल युथ स्पोर्ट्स क्लब र एमएसएमटी राम स्पोर्ट्स गोरखपुरले भैरहवामा जारी 'खुकुरी टी-ट्वान्टी कप-२०८३' अन्तर्गत बुधबारको खेलमा जित निकालेका छन्। बुटवल युथले लुम्बिनी शाक्यन क्रिकेट क्लबमाथि ८ विकेटको प्रभावशाली जित निकाल्दा गोरखपुरले वेष्टर्न क्रिकेट क्लबलाई ४ विकेट हराएको छ।

सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस जितेर ब्याटिङ गरेको लुम्बिनी शाक्यनले ७ विकेट गुमाएर १ सय १७ रन बनायो। उसका लागि सचिन राजभरले २४, अजमत अलीले अविजित २०, सन्दीप बनियाले १८ र साह आलमले १५ रन बनाए। बलिङमा बुटवल युथका शिव कुँवरले २ तथा निराजन भट्टराई, मनिष थापा, अजय नौभरी र सन्तोष कौसलले समान १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको बुटवल युथले १६ ओभरमा २ विकेटको क्षतिमा १ सय १८ रन बनाउँदै सहजै जित निकाल्यो। उसको जितमा कृष्ण चापागाईंले अविजित ४१, रविकुल विश्वासले नटआउट ४२, निरज भण्डारीले १९ र ऋषभ बेलबासेले १७ रन बनाए। बलिङमा लुम्बिनी शाक्यनका आकाश मिश्रले २ विकेट लिए। खेलमा कृष्ण चापागाईं प्लेयर अफ द म्याच घोषित भए।

यस्तै, दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको वेष्टर्नले ५ विकेट गुमाएर १ सय ५७ रन बनायो। उसका लागि रञ्जित खड्काले ४०, कलम मुसलमानले २६, मिलन गुरुङले २१, हरजीत सिंहले नटआउट २०, दीपेश रोकाले १९ र प्रज्वल थापाले १३ रन बनाए। बलिङमा प्रिन्स शाही र आनन्द दुबेले २-२ तथा अभिषेक दुबेले १ विकेट लिए।

जवाफमा एमएसएमटी राम स्पोर्ट्सले १९ ओभरमा ६ विकेट गुमाउँदै १ सय ५८ रन बनाई जित निकाल्यो। उसको जितमा निखिलप्रताप राओले अविजित ६४, राहुल सिंहले २८, संकटा प्रसादले १६, प्रिन्स शाहीले अविजित २४, अंकुर लखमनीले १२ र आनन्द दुबेले १० रन बनाए। बलिङमा वेष्टर्नका सागर गिरीले ३, अभिषेक गौतमले २ तथा हरजीत सिंहले १ विकेट लिए। खेलमा निखिलप्रताप प्लेयर अफ द म्याच भए।

लुम्बिनी खुकुरी क्लब, भैरहवाको आयोजनामा जारी प्रतियोगितामा नेपालका १२ तथा भारतका ४ गरी कुल १६ टिमको सहभागिता छ। यही बैशाख १५ गतेसम्म चल्ने प्रतियोगिताको विजेता टिमले नगद १ लाख ११ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्ने छ भने उपविजेताले ५५ हजार ५ सय ५५ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक नन्दन श्रेष्ठले बताए।

साथै, म्यान अफ द सिरिजलाई १५ हजार रुपैयाँ तथा उत्कृष्ट ब्याट्सम्यान र बलरलाई जनही ५ हजार ५ सय रुपैयाँ तथा प्रत्येक खेलको म्यान अफ द म्याचलाई एक हजार ५ सय प्रदान गरिनेछ।

दुई महिनापछि दादुरा सङ्क्रमण रोकथाम

ढोरपाटन। गत फागुन ८ गते ढोरपाटन नगरपालिका-७, ८ र ९ मा फैलिएको दादुरा संक्रमण नियन्त्रणमा आउन थालेको छ।

विश्व स्वास्थ्य संगठन, प्रदेश जनस्वास्थ्य कार्यालय र स्थानीय तहका स्वास्थ्यकर्मीको टोलीले सङ्क्रमण नियन्त्रणका लागि प्रभावित क्षेत्रमा पुगेर अध्ययन गरी खोप अभियान चलाएको थियो। फागुन २९ गतेदेखि चैत २ गतेसम्म यस क्षेत्रका बालबालिका तथा किशोरकिशोरीलाई खोप लगाएपछि सङ्क्रमण नियन्त्रणमा आउन थालेको हो।

खोप लगाउनुभन्दा पूर्वदैनिक १० देखि १५ जना दादुराका शङ्कास्पद बिरामी अस्पतालमा आउने गरेकामा पछिल्लो आठ दिनयता मकनलाल निसीखोला गाउँपालिकाको एक जना शङ्कास्पद बिरामी बुर्तिबाङ अस्पतालमा भर्ना भएको प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख प्रवीण शर्माले जानकारी दिए। हालसम्म २३९ जना शङ्कास्पद बिरामी परेका थिए। चौंतीस जना शङ्कास्पद बिरामीको नमुना परीक्षणका लागि काठमाडौंस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएकामा १४ जनामा दादुरा सङ्क्रमण पुष्टि भएको प्रमुख शर्माको भनाइ छ।

हालसम्म छ हजार १४० जना १० देखि १९ वर्ष उमेर समूहका बालबालिका तथा किशोरकिशोरीलाई खोप लगाएको प्रदेश जनस्वास्थ्य कार्यालयका खोप सुपरभाइजर राजु खत्रीले जानकारी दिए। हालसम्म एक जनाबाहेक सबै शङ्कास्पद बिरामी निको भइसकेको उनी बताउँछन्।

हडाहियामाई सा.व.उ.स. रामग्राम १४ नवलपरासी (ब.सु.प.) को

वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रकाशन मिति २०८३ / ०१ /१०

डिभिजन वन कार्यालय को च.नं. १८६५ मिति २०८२ / १२ / २६ गतेको लिलाम सहमति अनुसार सा.व.उ.स. को स्वीकृत कार्ययोजना अनुसार चालु आ.व.मा उत्पादन भई रामग्राम १४ श्रीनगरमा घाट भएको साल समेत गोलिया थान १२१ को १२६७.६८ क्यु. फि. काठ समूह बाहिर लिलाम बिक्री गर्नका लागि सूचना प्रथम पटक प्रकाशित गरिएको छ। प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरेर २२ दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौं

विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस सूचनाद्वारा सर्वसाधारण सबैमा जानकारी गराइन्छ कि श्री ... एकेडेमी एण्ड रिसर्च सेन्टर (दर्ता नं. ...), लुम्बिनी सांस्कृतिक नगरपालिका-१०, रुपन्देही स्थित उक्त कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम विशेष प्रस्ताव पारित गरी कम्पनीको दर्ता खारेज गर्ने निर्णय गरेको व्यहोरा जानकारी गराइन्छ। यस सम्बन्धमा, यदि कसैको उक्त कम्पनीसँग कुनै किसिमको लेनदेन, ऋण, दायित्व वा अन्य हकदावी बाँकी रहेको भए, सोको प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा उपस्थित भई आफ्नो दाबी पेश गर्नुहुन सम्बन्धित सबै सरोकारवालाहरूमा अनुरोध गरिन्छ। तोकिएको म्यादभित्र दाबी पेश नभएमा प्रचलित कानुन बमोजिम उक्त कम्पनीको दर्ता खारेज प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

ट्वाइलेट सफा गराउनुहोस

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्पर्क गर्नुहोस्।
- लोडसेडिङ भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सेफ्टी टंकीको रिङ खाली गरिने छ।

सम्पर्कः

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सीताराम सफा सेनेटरी

भैरहवा

९८६१७८९२७५,९८०७७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्वाइकी, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बमेलीटोल, भैरहवा

मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फुल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।

लोडसेडिङको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुख्खानगर, रुपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

खच्चडबाट सामान ढुवानी:
धमाइ गाउँपालिका–१ टुकुचेस्थित कालोपत्रे सडकमा सामान बोकेका खच्चड। यहाँ खच्चडबाट सामान ढुवानी गरिने गरिन्छ। आजभोलि यातायात सुविधा भएको ठाउँमा बिस्तारै खच्चड प्रयोग गर्न लोप हुँदैछ। तस्बिर: सुन्दरकुमार थकाली/रासस

जीवनाशक विषादी व्यवस्थापन विधेयक पारित

दाङ। लुम्बिनी प्रदेशमा जीवनाशक विषादी व्यवस्थापन तथा नियमनको कानुनी व्यवस्था भएको छ। प्रदेशसभाको बुधबार बसेको बैठकले प्रदेश जीवनाशक विषादी व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेपछि त्यस्तो कानुनी बाटो निर्माण भएका हो।

प्रदेशसभाको सातौं अधिवेशनअन्तर्गत बुधबार बसेको ६५औं बैठकले उक्त विधेयक प्रतिवेदनसहितको सर्वसम्मत पारित गरेको हो। बैठकमा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले विधेयकमाथि छलफल तथा पारित गरियोस् भन्ने प्रस्ताव पेस गरेका थिए।

सभामुख तुलाराम घर्तीमगरले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दै सर्वसम्मत पारित भएको घोषणा गरे। बैठकमा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री पन्थी र आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले प्रदेशसभा बैठकमा उठेका प्रश्नहरूको जवाफ दिएका थिए।

बैठकमा प्रदेश मामिला तथा कानुन समितिका सभापति दिलकुमारी बुढाले जिल्लासभा तथा जिल्ला समन्वय समिति सञ्चालनसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदन सभामा पेस गरेकी थिइन्। यस्तै, सार्वजनिक लेखा समितिका सभापति माया पुन्ले समितिको वार्षिक प्रतिवेदन पेस गरेकी थिइन्।

बैठकमा प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठले जनता महँगीका कारण जनता मारमा परेको बताए। प्रदेशसभा सदस्य पथबहादुर सार्कीले लामो प्रयासपछि दलित समुदायको अधिकार सुनिश्चित गर्ने विधेयक तयार भएको उल्लेख गर्दै यसलाई ऐतिहासिक उपलब्धि भएको बताए। प्रदेशसभा सदस्य सुशीला वादीले उक्त विधेयक प्रमाणीकरणपछि प्रभावकारी कार्यान्वयनका लागि सरकारले भूमिका बढाउनुपर्ने धारणा राखेकी थिइन्।

प्रदेशसभा सदस्य खड्ग बस्नेतले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्न सरकारलाई आग्रह गरे। अर्का प्रदेशसभा सदस्य दुर्गाप्रसाद चौधरीले बजेट तर्जुमा र कार्यान्वयनमा समस्या रहेको औंल्याए।

प्रदेशसभा सदस्य अर्जुनकुमार केसीले सीमा क्षेत्रमा राजस्व कटाइ गर्ने संघीय सरकारको नीति अवैज्ञानिक रहेको टिप्पणी गरे। प्रदेशसभा सदस्य मिनाकुमारी श्रेष्ठले पेट्रोलियम पदार्थको मूल्यवृद्धिले सबै क्षेत्र प्रभावित भएको भन्दै तत्काल फिर्ता लिन माग गरिन्। यस्तै बैठकमा प्रदेशसभा सदस्य समुना रोका तामाङले अदूरदर्शी नीतिका कारण जनजीवन प्रभावित भएको बताउँदै भान्सा, खेतीपाती र दैनिक जीवनमा समस्या बढेको उल्लेख गरिन्।

प्रदेशसभा सदस्य जमुना ढकालले किशोरीहरूको सुरक्षा चुनौतीपूर्ण बन्दै गएको भन्दै राज्यले सुरक्षा प्रत्याभूति दिनुपर्ने माग गरिन्। छोरीहरूले न्याय कहिले पाउने भन्ने प्रश्नसमेत उनले उठाएकी थिइन्।

सरकारी विज्ञापन रोक्ने निर्णय फिर्ता गर्न पत्रकार महासंघ लुम्बिनीको माग

नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)

भालुवाङ। नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिले निजी तथा सामुदायिक मिडियालाई सरकारी विज्ञापन रोक्ने सरकारको निर्णय र परिपत्र तत्काल फिर्ता गर्न माग गरेको छ। साथै लुम्बिनी प्रदेश सरकारले सञ्चार क्षेत्रका लागि छुट्याएको कार्यक्रम तथा बजेट अविलम्ब कार्यान्वयन गर्न समेत जोड दिएको छ।

उक्त मागसहित महासंघका लुम्बिनी प्रदेश अध्यक्ष शुक्रऋषि चौलागाईंको नेतृत्वमा गएको पत्रकारको टोलीले लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री चेतनारायण आचार्यलाई ज्ञापनपत्र बुझाएको हो। ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री आचार्यले सरकारी परिपत्रका कारण प्रदेशसभामा स्वीकृत कार्यक्रम र बजेट कार्यान्वयनमा कुनै अवरोध नहुने स्पष्ट पारे। उनले सम्बन्धित निकायलाई सञ्चार क्षेत्रका कार्यक्रम तथा बजेट सञ्चालन र परिचालनमा ढिलाइ नगर्न निर्देशन समेत दिएका छन्। पत्रकार महासंघले सञ्चार क्षेत्रको सुदृढीकरणका लागि सरकारले लिएको निर्णय पुनर्विचार गर्नुपर्ने आवश्यकता औंल्याउँदै सञ्चारमाध्यमको स्वतन्त्रता र दिगोपनाका लागि यस्ता कदम फिर्ता हुनुपर्ने जनाएको छ। मुख्यमन्त्री आचार्यले प्रदेश सरकार आफ्नै सञ्चार नीति, कार्यक्रम र प्राथमिकताका आधारमा अघि बढ्ने बताएका छन्। उनले स्वीकृत वार्षिक कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बद्ध निकायहरूलाई निर्देशन दिइसकेको जानकारी दिए।

मुख्यमन्त्री आचार्यले प्रदेश सरकार मिडियामैत्री रहेको उल्लेख गर्दै लोकतन्त्र सुदृढ बनाउन सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताए। निरंकुश शासनविरुद्धका आन्दोलनमा मिडियाले नेतृत्वदायी भूमिका खेलेको स्मरण गर्दै उनले लुम्बिनी प्रदेशले बजेट निर्माणका क्रममा सञ्चार क्षेत्रलाई प्राथमिकतामा राखेको बताए। उनले यसअघि नै प्रधानमन्त्रीसँगको भेटमा मिडिया क्षेत्रका समस्या र सरकारी विज्ञापनसम्बन्धी विषयमा गम्भीर ध्यानाकर्षण गराइसकेको जानकारी दिए। प्रदेशका सबै सञ्चार माध्यमको सुदृढीकरणमा सरकार प्रतिबद्ध रहेको उनको भनाइ थियो। कार्यक्रममा आन्तरिक मामिला तथा कानुन मन्त्री आदेशकुमार अग्रवाल, प्रमुख सचिव कृष्णप्रसाद काप्रीलगायतले पनि आफ्नो धारणा राखेका थिए। यसैबीच नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक्ने निर्णय तथा परिपत्र तत्काल फिर्ता लिन माग गरेको छ। महासंघका प्रदेश अध्यक्ष शुक्रऋषि चौलागाईंले बुझाएको ज्ञापनपत्रमा उक्त निर्णय संविधान, कानुन, अन्तर्राष्ट्रिय मूल्यमान्यता तथा प्रेस स्वतन्त्रताको मर्मविपरीत रहेको उल्लेख गरिएको छ।

महासंघका अनुसार लुम्बिनी प्रदेशका १२ जिल्ला शाखामा करिब १२ सय पत्रकार आबद्ध छन्। सरकारी विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने निर्णयले निजी मिडियालाई आर्थिक रूपमा कमजोर बनाउने, स्वतन्त्र पत्रकारितामाथि दबाब सिर्जना गर्ने र आत्म-सेन्सरसीप बढाउने जोखिम रहेको महासंघको ठहर छ। ज्ञापनपत्रमा देशभरका रेडियो, पत्रपत्रिका, टेलिभिजन र अनलाइन मिडियाको अस्तित्व संकटमा पर्न सक्ने तथा हजारौं पत्रकार, कर्मचारी र श्रमिकको रोजगारी जोखिममा पर्ने उल्लेख गरिएको छ। चालु आर्थिक वर्षको नौ महिना बितिसक्दा पनि सञ्चार क्षेत्रका लागि विनियोजित बजेट कार्यान्वयनमा नजाएकोप्रति पनि महासंघले चिन्ता व्यक्त गरेको छ।

महासंघले सरकारी विज्ञापन वितरण प्रणाली पारदर्शी, समानुपातिक र समावेशी बनाउनुपर्ने माग गर्दै निजी, सामुदायिक र सरकारी सबै मिडियामा न्यायोचित वितरण सुनिश्चित गर्न आग्रह गरेको छ। साथै सञ्चार क्षेत्रको संरक्षण र प्रवर्द्धनका लागि दीर्घकालीन नीति निर्माण गर्न सरकारसँग माग गरिएको छ। महासंघले आफ्ना मागहरू गम्भीरतापूर्वक सम्बोधन नगरे थप आन्दोलनका कार्यक्रम अघि बढाउने चेतावनी समेत दिएको छ। ज्ञापनपत्र हस्तान्तरण कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य तिलक शाह, राष्ट्रिय टेलिभिजन प्रसारण संघ लुम्बिनीका पूर्व अध्यक्ष नरेश केसी, सामुदायिक रेडियो प्रसारक संघ लुम्बिनीका अध्यक्ष नवीन केसी, नेपाल पत्रकार महासंघ रुपन्देही शाखा अध्यक्ष दिनेश पाण्डेलगायतले सम्बोधन गरेका थिए। कार्यक्रमको सहजीकरण महासचिव पाण्डवप्रसाद शर्माले गरेका थिए।

राहत नपाएको भन्दै सरकारलाई ध्यानाकर्षण

कपिलवस्तु। भारतको जम्मू-कश्मीरस्थित पहलगाममा भएको आतंकवादी हमलामा ज्यान गुमाएका बुटवल-४ निवासी नेपाली युवा सुदीप न्यौपानेको परिवारले अहिलेसम्म राहत नपाएको भन्दै सरकारको ध्यानाकर्षण पत्र बुझाइएको छ।

प्रधानमन्त्रीलाई सम्बोधन गर्दै जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमार्फत पठाइएको ध्यानाकर्षण पत्रमा घटनाको एक वर्ष पूरा भइसक्दा पनि पीडित परिवारले कुनै राहत वा क्षतिपूर्ति नपाएको गुनासो गरिएको छ।

पत्रमा उल्लेख गरिएअनुसार २२ अप्रिल २०२५ मा भएको उक्त हमलापछि नेपाल सरकार तथा प्रधानमन्त्रीले पीडित परिवारलाई सहयोग गर्ने र भारत सरकारसँग क्षतिपूर्तिका लागि पहल गर्ने प्रतिबद्धता जनाएका थिए। तर हालसम्म ती प्रतिबद्धता कार्यान्वयन नभएको भन्दै असन्तुष्टि व्यक्त गरिएको हो।

पीडित परिवारले छोराको निधनपछि आर्थिक तथा मानसिक पीडामा जीवनयापन गरिरहेको उल्लेख गर्दै राज्यको उदासीनताले नागरिकप्रतिको जिम्मेवारीमाथि गम्भीर प्रश्न उठाएको पत्रमा उल्लेख गरिएको छ।

युवाहरूको तर्फबाट प्रस्तुत गरिएको ध्यानाकर्षण पत्रमा तीन मुख्य माग अघि सारिएका छन्।

जसअन्तर्गत सरकारले प्रतिबद्धताअनुसार राहत रकम तत्काल उपलब्ध गराउनुपर्ने, भारत सरकारसँग गरिएको कूटनीतिक पहलको विवरण सार्वजनिक गर्नुपर्ने तथा विदेशमा नेपाली नागरिकमाथि हुने घटनामा परिवारको सुरक्षा र सहायताका लागि ठोस नीति अवलम्बन गर्नुपर्ने उल्लेख गरिएको छ।

पत्रमार्फत एक साताभित्र ठोस निर्णय नलिए चरणबद्ध आन्दोलनमा उत्रने चेतावनीसमेत दिइएको छ। सुदीप न्यौपानेको प्रथम स्मृति दिवसको सन्दर्भमा उनको सम्झनामा श्रद्धाञ्जली अर्पण गर्दै पीडित परिवारलाई न्याय दिलाउन सरकार गम्भीर बन्नुपर्ने माग समेत गरिएको छ।

कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले उक्त ध्यानाकर्षण पत्र यथाशीघ्र सम्बन्धित निकायमा पठाउने बताएका छन्।

ध्यानाकर्षण पत्र बुझाउन प्रकाश घिमिरे, मधुसुदन भट्टराई, हनुमान पाण्डे, अनिलकुमार क्षेत्री, शिवशंकर कन्दु, देवेन्द्रकुमार पाण्डेलगायत कपिलवस्तुका जागरूक युवाहरूको सहभागिता रहेको थियो।

केटीएम बाइकको शो रूम सञ्चालनमा

बुटवल। युवा पुस्तामाझ लोकप्रिय ब्राण्ड केटीएम बाइकको शो रुम बुटवलको कालिकानगरमा सञ्चालनमा आएको छ।

व्यवसायी टिकाराम न्यौपाने र युवा व्यवसायी निलेश न्यौपानेको संयुक्त लगानीमा अटो मोबाइल्स प्रालिले सर्भिस शो रुम सञ्चालनमा ल्याएको हो।

शोरुमको पश्चिम नेपाल बस व्यवसायी प्रालिका अध्यक्ष दधिराम खरेल, प्रालिका अध्यक्ष टिकाराम न्यौपाने, बुटवल १० का वडा सदस्य रमेश अधिकारीलगायतले बुधबार उद्घाटन गरेका हुन्। प्रालिले शोरुमसँगै सुविधासम्पन्न पार्टससहित सर्भिस सेन्टर पनि सञ्चालनमा ल्याएको छ।

सो अवसरमा बोल्दै पश्चिम नेपाल बस व्यवसायी प्रालिका अध्यक्ष दधिराम खरेलले केटीएम बाइक युवा पुस्तामाझ लोकप्रिय ब्राण्ड रहेको चर्चा गर्दै कम्पनीले दुर्घटनाबाट रोक्ने प्रविधि जडान गरेकाले सुरक्षित रहेको बताए।

उनले बाइक बिक्रीपछि उपभोक्ताई मर्मत र पार्ट्सको सेवा महत्वपूर्ण हुने भन्दै सर्भिस सेन्टरबाट गुणस्तरीय सेवा दिन सुझाव दिए।

केटीएम बाइक केन्द्रीय कार्यालयका प्रतिनिधि नवीन श्रेष्ठले देशभर १८ आउटलेट रहेकामा आर्थिक केन्द्र बुटवलमा बाइक पारखीको मागअनुसार नयाँ व्यवस्थापनमा नयाँ ठाउँमा शोरुम सञ्चालनमा आएको बताए।

केटीएमले ६ लाख १० हजारदेखि १० हजार ८५ हजार मूल्यका स्पोर्ट र एड्भेन्चर सेग्मेन्टका बाइकहरू बजारमा ल्याएको श्रेष्ठले जनाए।

सो रुम उद्घाटन कार्यक्रममा प्रालिका अध्यक्ष टिकाराम न्यौपाने, बुटवल १० का वडा सदस्य रमेश अधिकारी, सबैको सहकारी संस्थाका अध्यक्ष भरत भुसाल, नेको इन्स्योरेन्सका रमेश थापा, केटीएम बाइक शो रुमका माधव आचार्य, एसिया सर्भिस म्यानेजर दिलीप शाहलगायतले आफ्ना भनाइ राखेका थिए।

हाँसौः स्वस्थ रहौं

- हाँस्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ,
- हाँस्ने र खुशी हुने बानीको विकास गरौं,
- तनाव, चिन्ता र निराशालाई कम गर्न हाँसौं
- परिवार र साथीहरूसँग हाँसो र रमाइलो समय बिताौं
- सकारात्मक सोच र उत्साहपूर्ण वातावरण सिर्जना गरौं,
- हाँसो योगमा सहभागी बनौं,
- अरूलाई खुशी बनाउने व्यवहार गरौं,
- सामाजिक सद्भाव र आपसी सम्बन्ध बलियो बनाऔं,
- मानसिक स्वास्थ्य सुधारमा हाँसोको भूमिका बुझौं, हाँसौं र हँसाऔं।

नेपाल सरकार विज्ञापन बोर्ड

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाइंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरुमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रुपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५२०६४०, ५२३६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com